अनुसूचि-१६

(दफा ३३ को उप दफा (२) संग सम्बन्धित )

श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समूह, राजपुर गा.पा.-३, वसन्तापुर, दाङ

काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

(दोस्रो पटक सूचना प्रकाशन मिति: २०८१/५/३१ गते )

श्री वनशक्ति सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादित यस समुहको घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफनै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो नयां युगवोध राष्ट्रिय दैनिक पत्रिकामा दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. वन पैदावारको विवरण:

| लट नं. | वनपैदावरको जात | ग्रेड | गोलिया थान | परिमाण | मूल्यांकन | |
|---|---|---|---|---|---|---|
| | | | | क्यू.फीट/चट्टा | न्यूनतम मुल्य रु | संकलन खर्च रु. |
| १ | साल | A | ६ | ७६.७१ | ९५८८७.५ | १३८०७.८० |
| | साल | B | ३४ | २५६.२६ | २३०६३४ | ४६१२६.८० |
| | साल | C | ५२ | २२४.१३ | १३४४७८ | ४०३४३.४० |
| | जम्मा | | ९२ | ५५७.१० | ४६०९९९.५ | १००२७८.० |
| | जामुन | A | २ | ३१.८२ | १२७२८ | ५७२७.६ |
| | जामुन | B | २ | १३.७६ | ४१२८ | २४७६.८ |
| | जम्मा | | ४ | ४५.५८ | १६८५६ | ८२०४.४ |
| | कर्मा | B | १ | ६.१० | १८३० | १०९८.० |
| | कर्मा | C | ४ | १५.८१ | १५८१ | २८४५.८ |
| | जम्मा | | ५ | २१.९१ | ३४११ | ३९४३.८ |
| | कुम्भी | | १ | ५.६२ | ५६२ | १०११.६ |
| | काठको कूल जम्मा | | १०२ | ६३०.२१ | ४८१८२८.५ | ११३४३८ |
| | दाउरा | | | | | |
| | साल जातको दाउरा | | | ३.५ चट्टा | ४२००० | ४५५०० |
| | अन्य जातको दाउरा | | | १.० चट्टा | ४००० | १३००० |
| | दाउको जम्मा | | | ४.५ चट्टा | ४६००० | ५८५०० |
| | कूल जम्मा | | | | ५२७८२८.५ | १७१९३८ |

२. वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय:

क) वोलपत्र खरिद गर्ने अन्तिम मिति: २०८१/०६/१४ गते समय दिनको ५.०० वजे सम्म ।

ख) वोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८१/०६/१५ गते समय दिनको १२.०० वजे सम्म ।

ग) वालपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परे सो को भोलि पल्ट खरिद तथा दाखिला गर्न सकिने छ ।

३. वोलपत्र साथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम वोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको कर्णाली विकास वैंक लिमिटेड लमही शाखामा रहेको ००३००७००१०६२२००००००१ खातामा नगद जम्मा वा वैंक ग्यारेन्टी गरेको कागजात, भौचर समावेश हुनु पर्नेछ ।

४. वोलपत्र फारमको प्रति लटको रु. १,०००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह वा सम्वन्धित वन कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिने छ ।

Scanned with CamScanner

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको राजपुर-३, वसन्तापुरमा रहेको घाटगद्धि स्थलमा गई हेर्न सकिने छ ।

६. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, सम्वन्धित कार्यालयमा सुचीकृत भएको प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका वोलपत्रहरु मिति २०८१/०६/१५ मा दिनको २.०० वजे साक्षीहरुको रोहवरमा खोलिने छ । सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश ) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९.वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेखु पर्नेछ । अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. वोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

भरत यादव
अध्यक्ष

Scanned with CamScanner